परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १४ ❑ अंक २० २०८२ मंसिर २८ आईतवार Sunday &, 14 DEC 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## अन्तराष्ट्रिय स्तरको कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी पौष ९ देखि १९ सम्म विराटनगरमा




विराटनगर । विगतका वर्षहरु झैं यस वर्ष पनि मोरंङ उद्योग व्यपार संघले अन्तर्राष्ट्रिय स्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी पौष ९ गते देखि १९ गते सम्म विराटनगर-१शान्ती चौकमा 'विराट ट्रेड एक्स्पो २०२५' आयोजना गर्ने भएको छ ।

संघको सभाहलमा पत्रकार सम्मेलन गरी संघका अध्यक्ष अनुपम राठीले र 'विराट ट्रेड एक्स्पो २०२५' को संयोजक अमित कुमार सारडाले सो कुराको जानकारी गराए ।

कोशी प्रदेशका स्वदेशी उत्पादनहरु सहित कृषि, पर्यटन, ऊर्जा लगायत अन्य सम्भावित क्षेत्रहरुको प्रवर्द्धन एवं विकासमा जोड दिनुका साथै यस क्षेत्रका आर्थिक गतिविधिहरुलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा झल्काउँदै गतिशील एवं प्रभावशाली बनाउने उद्देश्य लिई समय समयमा यस ऐतिहासिक औद्योगिक नगरी विराटनगरमा मेला, महोत्सव, प्रदर्शनी आदि आयोजना गर्दै आएको संघका अध्यक्ष राठीले वताए ।

आर्थिक क्षेत्रको गतिविधिहरुको सम्वर्द्धन एवं विकासका लागि यस संघले विगतमा कोशी महोत्सव २०५३, पूर्वाञ्चल औद्योगिक व्यापार मेला २०५७, विराट महोत्सव २०६२, विराट महोत्सव २०७०, विराट ट्रेड एक्स्पो २०१८ (२०७५), विराट ट्रेड एक्स्पो २०२२ (२०७८), मोरंग व्यापार संघ एक्स्पो २०२३ आदि भव्यताका साथ आयोजना गरी उदाहरणीय रुपले सफलता हासिल गरेको र यस क्षेत्रको उद्योग, व्यवसाय, कृषि, पर्यटन तथा सेवा क्षेत्रहरुको विकास र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएकोछ ।जेन्जी आन्दोलनपछि उत्पन्न भएको विद्यमान शिथिल तथा अनिश्चित आर्थिक गतिविधिलाई चलायमान बनाउनुका साथै स्वदेशी उद्योग व्यवसायको प्रवर्द्धन, नेपाल व्यापार रणनीति अन्तर्गत

वांकी अन्तिम पेजमा...

## प्रतिनिधीसभा पुन:स्थापना हुनु पर्छ : ओली

विराटनगर । वर्तमान सरकारले चुनावको वातावरण बनाउन नसकेको आरोप लगाउँदै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्ने वताएका छन् ।

एमालेको ११ औं राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रमा वोल्दै ओलीले प्रतिनिधिसभा विघटन असंवैधानिक रहेको भन्दै प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्ने वताए । 'संविधान संशोधनका लागि दलहरुबीच सहमति हुनुपर्छ । संसल मार्फत संविधान संशोधन हुनुपर्छ । संसद् विघटन हुनुहुँदैन भनेर काम चलाउ प्रधानमन्त्रीको नाताले संवैधानिक बाटो देखाएको थिएँ । तर, देशलाई उल्टो दिशामा लगियो । बाहिरबाट सरकार गठन गरेको वहाँको भनाई थियो ।

असंवैधानिक रूपमा विघटन गरिएको प्रतिनिधिसभा पुन:स्थापना तुरुन्त हुनुपर्छ भन्ने हाम्रो अडान हो ।' उहाँले फागुन २१ को चुनाव गराएर सत्ता हस्तान्तरण गर्ने कार्यादेश पाएको सरकारले चुनावी वातावरण बनाउने भन्दा बिथोल्ने दिशामा काम गरिरहेको अध्यक्ष ओलीको दावी छ ।

दललाई चुनावमा सहभागी गराउन वातावरण बनाउँथ्यो । निर्भयको वातावरण बनाउँथ्यो । लुटिएका प्रहरीका हतियार फिर्ता ल्याउँथ्यो । भागेका कैदबन्दीहरु फर्काउँथ्यो,' ओलीले थपे, 'तर, सरकारले मिडिया ट्रायल र राजनीतिक दलहरूकाविरुद्ध धम्की, नेताहरूको राहदानी रद्द र स्थान हद, निषेधाज्ञा गर्ने काम गरिरहेको छ ।

यसले दबाब र आतंक बढ्छ कि मतदानको सुरक्षा हुन्छ ? लोकतान्त्रिक प्रणाली र विधिद्वारा शान्तिपूर्ण वातावरणबाट चुनाव होस् भन्ने भनाइ हो । डर, दबाब र प्रतिशोधको छायाबाट चुनाव हुन्छ भन्ने एमाले चुनावबाट भाग्छ भन्ने कसैले नसोचे हुन्छ ।

त्यसैले नेकपा एमालेको अडान छ प्रतिनिधिसभा पुन: स्थापना हुनुपर्छ ।'

## लागुऔषधको प्रयोग र ओसार-पसार नियन्त्रणमा कडाईका साथ प्रहरी परिचालन


विराटनगर ।कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले लागुऔषधको प्रयोग र ओसार पसार नियन्त्रणमा कडाईका साथ प्रहरी परिचालन गरिने वताएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा संचारकर्मी हरुसंगको भेटघाट तथा परिचयात्मक कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक घिमिरेले वताएको हो ।

प्रहरीको दैनिक काम कारवाही लाई निरन्तरता दिदै अपराध नियन्त्रण गरी समाजमा शान्ति सुरक्षा कायम राख्ने कार्यमा कोशी प्रदेश प्रहरी सवल र सक्षम रहेको कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक घिमिरेले वताए । वहाँले कोशी प्रदेशमा सामुदाय प्रहरी साझेदारी कार्यक्रम अनुसार जनचेतना मुलक कार्यक्रमलाई तिब्रता, ट्राफिक व्यवस्थापन, भन्सार छली चोरी निकासी नियन्त्रण मा कडाईका साथ प्रहरी परिचालन गरिने वताउँदै वहाँले संचारकर्मीहरुले गाँजा तस्करी प्रहरी कै संरक्षणमा भई रहेको लगायतका प्रश्न राखेकोको विषयमा समेत प्रस्ट पारेका थिए ।

अपराध नियन्त्रण गरी समाजमा शान्तिसुरक्षा कायम राख्न संचार माध्यमको उतिकै महत्वपुर्ण भुमिका रहने हुँदा सबैको साथ र सहयोग आवश्यक रहेको कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक घिमिरेले वताए ।

सञ्चारकर्मीहरूसंगको भेटघाट कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता प्रहरी वरिष्ट उपरीक्षक दिपक पोखरेल, प्रहरी उपरीक्षक सुनम कुमार तिम्सिना सहित प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।






परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.नं. ०४/०७७/०७८

## अन्तराष्ट्रिय...

पहिचान गरिएका कोशी प्रदेशका अधिकांश वस्तुहरु सहित अन्तर प्रादेशिक उत्पादन र सेवाहरुको राष्ट्रिय, अन्तर्राष्ट्रिय बजार विस्तार, स्वदेशी एवं विदेशी लगानीकर्ताहरु बीच व्यवसायीक सम्बन्ध र सहकार्य स्थापना, कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार लगायत कैयौं प्रवर्द्धनात्मक कार्यहरु गराउने प्रमुख उद्देश्य सहित एक्स्पो आयोजना गर्न लागेको संयोजक सारडाले वताए ।

मोरङ-सुनसरी आर्थिक करिडोरको प्रवर्धन, विकास, वृद्धि र अर्थतन्त्रलाई पुनः प्राप्ति गर्ने मुख्य उद्देश्यले आयोजना गरिने यस पटकको एक्सपोमा जर्मन प्रविधिको ह्याङगर, अक्टानम सहितको करिब २३० स्टल रहनेछ ।

नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका अतिरिक्त यस प्रदेशका महत्व झल्किने कला-संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषिजन्य तथा औद्योगिक उत्पादनहरुको प्रदर्शनीका अलावा छिमेकी राष्ट्र भारत लगायत बंगलादेश, पाकिस्तान आदि देशका उत्पादित वस्तुहरुको उत्पादनकर्ता र उपभोक्ता बीच सुमधुर सम्बन्ध कायम गराउने आयोजकले अपेक्षा गरेकोछ ।

एक्स्पोमा स्टार्टअप, साना तथा मध्यम उद्यम, पर्यटन, सूचना प्रविधि, कर तथा लेखा, र महिला उद्यमशीलता सम्बन्धी विभिन्न छलफल तथा गोष्ठीमार्फत सहभागीहरूलाई उपयोगी ज्ञान, सीप र अवसर प्रदान गरिनेछ । नयाँ उद्यमीका लागि स्टार्टअप सञ्चालन गर्ने अवसर, साना तथा मध्यम उद्यमका लागि व्यवसाय विस्तारका उपाय, पर्यटन प्रवर्द्धनका रणनीति, आ.ई. सम्बन्धी डिजिटल ज्ञान तथा साइबर सुरक्षा, कर-लेखा सम्बन्धी नयाँ प्रणाली तथा महिलालाई उद्यमशीलतामा प्रोत्साहन दिने कार्यक्रमहरू समावेश हुनेछन ।

एक्स्पोमा दर्शकहरुलाई मनोरञ्जन प्रदान गर्न विभिन्न राष्ट्रिय व्याण्ड (कुमा सागर, रकहेड्स, इलिमेन्टस, कुटुम्ब, स्वप्न सुमन, उज्जेन शाक्य) आदिहरु बाट साँस्कृतिक कार्यक्रम र विभिन्न मनोरञ्जनात्मक सामाग्रीहरु, सेल्फी जोन, किड्स जोन, फिस तथा जलपरी टनेल आदि राख्नुका साथै मुख्य आकर्षणको रुपमा नेपाली कलाकृतिमा आधारित प्रवेशद्वार निर्माण गरिने छ ।

एक्सपोमा स्वदेश र छिमेकी मुलुकबाट करिब दुई लाख दर्शकको आगमन हुने आयोजकले अपेक्षा लिएकोछ ।

एक्पोमा मुख्य प्रायोजकको रुपमा रमपम तैयारी चाउचाउ र मारुती सिमेन्ट संयुक्त रुपमा रहने छ । एक्सपोमा करीब २ करोड ५० लाख अनुमानित खर्च लाग्नेछ । टिकट दर १५० रहनेछ भने स्कुल पोशाकमा आएका विद्यार्थीलाई निशुल्क प्रवेश हुनेछ ।




# ३४१ बालबालिकालाई स्वर्ण प्राशन




विराटनगर । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ्ग विराटनगरले 'स्वर्ण विन्दु प्राशन' (विशेष आयुर्वेदिक औषधि) पाँच वर्ष मुनिका बालबालिकालाई खुवाउन थालेको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ्ग केन्द्रले ३४१ बालबालिकालाई 'स्वर्ण विन्दु प्राशन' खुवाइएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरङ्गका कार्यालय प्रमुख डा राम प्रवोध चौधरीले भने मह, ब्राह्मी (घ्यू) र सुनको भष्मबाट बनेको थोपास्वरुप सेवन गराइने विधिलाई 'स्वर्ण विन्दु प्राशन' भनिन्छ ।

बालबालिकालाई बौद्धिक क्षमता विकास, सामाजिक तथा मानसिक क्षमता विकास गर्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले यस आर्थिक वर्षमा देशभरका २५ आयुर्वेद केन्द्रबाट 'स्वर्ण विन्दु प्राशन' खुवाउन तयारी गरे अनुरुप मोरङ्गको विराटनगरका वालवालिकालाई 'स्वर्ण विन्दु प्राशन' खुवाइएको डा चौधरीले जानकारी दिए ।

उहाँका अनुसार यस केन्द्रले शुरुमा १६० बालबालिकालाई 'स्वर्ण विन्दु प्राशन'को थोपा खुवाइएको थियो । दोश्रो स्वर्णविन्दू प्राशन गर्ने बालवालिकाको सङ्ख्या ३४१ पुगेको आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख चौधरीले वताए । नयाँ १८१ जना बालबालिकाले स्वर्णविन्दु सेवन गरेको र पुनरावृत बालबालिकाको संख्या १६० गरि कुल ३४१ पुगेको छ ।

# ट्रक सहित दुई जना पक्राउ

विराटनगर । रतुवामाई नगरपालिका-१ बाट ६७८ किलोग्राम लागूऔषध गाँजा बोकेको ट्रक सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर २१ गते बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले प्र.१-०१-००१ख ३८२५ नम्बरको ट्रकमा राखेको अबस्थामा ६७८ किलोग्राम लागूऔषध गाँजा बरामद गरेको थियो ।

गँजा बरामद भए सगै ट्रक चालक धनकुटा सहिदभूमि गाउँपालिका-२ का समेल राई र सोही ट्रकमा सवार सहिदभूमि गाउँपालिका-१ का विक्रम विशुङ्केलाई समेत नियन्त्रणमा लिएको थियो । थप अनुसन्धान भई रहेको छ ।


## स्वदेशी वस्तो प्रयोग गरौं ।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु वा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रवर्द्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं,

स्वदेशी वस्तु तथा सेवाको प्रवर्धन गरौं,
स्वावलम्बी बनौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।

## पूर्वाधार विकास कार्यालय
## विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# नेकपा एमालेको अधिवेशनबाट नयाँ पुस्ता आउला त ?

नेकपा एमालेले शनिवार देखि शुरु भएको अधिवेशनलाई केवल नेतृत्व चयनको प्रक्रियाका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन । यो अधिवेशनले पार्टीभित्र पुस्तान्तरण, वैचारिक नवीकरण र संगठनात्मक सुधारको दिशा तय गर्ने महत्वपूर्ण अवसर बोकेको छ । विशेषगरी, "के अब एमालेको नेतृत्वमा नयाँ पुस्ता आउला ?" भन्ने प्रश्न अधिवेश भित्र र बाहिर दुवैतर्फ गहिरो चासोको रहेको छ। एमाले नेपालको कम्युनिष्ट आन्दोलनको एक सशक्त राजनीतिक शक्ति हो । लामो समयदेखि अनुभवी नेताहरूको नेतृत्वमा पार्टी अघि बढ्दै आएको छ ।

अधिवेशनले यदि केवल पुरानै अनुहार र पुरानै सोचलाई निरन्तरता दियो भने, पार्टी र युवा पुस्ताबीचको दूरी अझ बढ्ने जोखिम रहन्छ । आजका युवाहरू रोजगारी, सुशासन, पारदर्शिता, प्रविधि र अवसरको राजनीति चाहन्छन् । यी विषयलाई आत्मसात् गर्न सक्ने नेतृत्व तयार नगरेसम्म पार्टीले दीर्घकालीन जनविश्वास कायम राख्न गाह्रो हुनसक्छ । तर अधिवेशनलाई आशाको रूपमा हेर्ने आधार पनि छन् । पार्टीभित्र संगठन निर्माणमा खारिएका, जनआन्दोलन र स्थानीय तहमा परीक्षण भइसकेका केही नयाँ पुस्ताका नेताहरू अगाडि आउन थालेका छन् ।

नयाँ पुस्ता ल्याउनु भनेको पुरानो पुस्तालाई पूर्ण रूपमा पन्छ्याउनु होइन । अनुभव र ऊर्जाको सन्तुलन नै सफल नेतृत्वको आधार हो । अन्ततः, नेकपा एमालेको अधिवेशन इतिहास दोहोऱ्याउने कि नयाँ अध्याय लेख्ने निर्णयको मोडमा उभिएको छ। अब प्रश्न केवल "नयाँ पुस्ता आउला ?" भन्ने होइन, "नयाँ पुस्तालाई आउने बाटो खुलाइन्छ कि खुलाइँदैन ?" भन्ने हो । यही प्रश्नको उत्तरले एमालेको भविष्य दिशा निर्धारण गर्नेछ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# नेपाली मतदाताका लागि एक ऐतिहासिक अवसर !

रमेश अधिकारी

डिसेम्बर ९ अर्थात् भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय दिवस । विश्वभर विभिन्न कार्यक्रमका साथ यो दिवस मनाइँदै छ ।

संयुक्त राष्ट्र संघको यस वर्षको नारा 'भ्रष्टाचारविरूद्ध युवाहरूसँग एकजुट हुनुहोस् र भोलिको इमानदारी निर्माण गर्नुहोस्' भन्ने छ ।

यही भदौ २३ गते नवयुवा हरूको भ्रष्टाचार विरूद्धको आन्दोलनका कारण सरकार परिवर्तन भएको नेपालमा यस पटक यो दिवस अरू बेलाभन्दा फरक ढंगले सोच्नुपर्ने भएको छ ।

यस पटकको दिवसले युवाहरू लाई भ्रष्टाचारविरूद्ध जागरूक बनाउने र उनीहरूलाई नेतृत्व दिने कुरामा जोड दिएको छ । यो नाराले भ्रष्टाचारलाई मात्र होइन, यसको सामाजिक, आर्थिक र राजनीतिक प्रभावलाई पनि सम्बोधन गर्न युवा पुस्तालाई एकजुट भएर काम गर्न आह्वान गरेको छ ।

यही आह्वान नेपालका लागि आजको दिनमा झनै सान्दर्भिक बनेको छ । देशमा विघटित प्रतिनिधिसभाको निर्वाचन अबको ८६ दिनपछि, अर्थात् फागुन २१ मा हुँदैछ ।

भदौ महिनाको जेनजी आन्दोलनले ठूलो बलिदान दिँदै देशको राजनीतिक परिदृश्य बदलिदियो । यो आन्दोलनले भ्रष्टाचार, भेदभाव र युवा असन्तुष्टिविरूद्ध र भ्रष्टाचाररहित राज्य र सुशासनको पक्षमा आवाज उठायो ।

युवाहरूको आन्दोलनका कारण तत्कालीन केपी ओली नेतृत्वको सरकार ढाल्न र अन्तरिम सरकार गठन गर्न बाध्य बनायो । भ्रष्टाचार अब सहन नसक्ने रोग बनेको छ भन्ने सत्य ७६ जनाको ज्यान जाने र दुई हजारभन्दा बढी घाइते हुने यो आन्दोलनले प्रमाणित गऱ्यो ।

त्यस कारण पनि नेपालले यसै वर्षको नारालाई आत्मसात गर्दै सम्पूर्ण नेपाली मतदाताहरूलाई एकजुट हुने र अन्याय तथा राज्य दोहनविरूद्ध आवाज उठाउने ऐतिहासिक र विरलै प्राप्त हुने अवसर आएको छ ।

आफ्नो मत स्वच्छ र इमानदार दल तथा उम्मेदवारलाई दिएर मुलुकको भ्रष्टाचार न्यूनीकरण गर्न ठूलो भूमिका खेल्न सक्ने कुरा प्रमाणित गर्न नेपाली मतदाता चुक्नु हुँदैन ।

नेपालमा दिन दुगुना, रात चौगुना भ्रष्टाचारको दर बढ्नुका थुप्रै कारण होलान्। तर मुख्य कारण देशको महँगो निर्वाचन प्रणाली पनि हो। हामी महँगो निर्वाचनमार्फत लोकतन्त्रलाई ठूलो मूल्य चुकाएका छौं ।

के यस्तो डरलाग्दो खर्चबिना निर्वाचनमा उम्मेद वार हुन नसक्ने र निर्वाचित हुन नसक्ने अवस्थाले लोकतन्त्र लाई दिगो र संस्थागत बनाउला? यो महत्वपूर्ण प्रश्न बनेको छ ।

यसै सन्दर्भमा, नेपालमा भ्रष्टाचारसँग सम्बन्धित केही ज्वलन्त सत्य, तथ्य र कथ्य एक पटक हेरौं ।

### सत्य: ठूला काण्डहरूले उजागर गरेको कालो सत्य

### घटना नम्बर १: खर्चको पारदर्शितामाथि प्रश्न

२०७९ सालको निर्वाचन को चार महिनापछि नेपाली कांग्रेसका नेता शशांक कोइरालाले एक सार्वजनिक कार्यक्रममा आफूले पहिलो पटक ८५ लाख, दोस्रो पटक ३ करोड, र यस पटक (२०७९ मा) ६ करोड रूपैयाँ खर्च गरेको खुलासा गरे । निर्वाचन आयोगमा बुझाएको आधिकारिक विवरणमा भने उनले जम्मा २७ लाख ५० हजार रूपैयाँ मात्र खर्च भएको देखाएका थिए । जबकि तोकिएको सीमा २५ लाख रूपैयाँ थियो ।

यति ठूलो खुलासा हुँदा पनि आयोगले चाहेको भए उनको सांसद पद नै धराशायी पार्न सक्थ्यो । स्पष्टीकरण सोधेर चेतावनी मात्र दियो। यो घटनाले निर्वाचन खर्चको अपारदर्शिता र राजनीतिक संरक्षणको नांगो रूप देखायो ।

शशांकजीको बिन्दास स्वभावका कारण उनले खर्चको कुरा भनिदिए । नभने पनि उनको भन्दा धेरै धनराशी खर्च गर्ने उम्मेदवारको कमी छैन ।

### घटना नम्बर २: राजनीतिक दलमाथि पैसाको कब्जा

२०७४ सालको निर्वाचन मा पार्टीको टिकट बाँड्ने समितिमा बसेर पनि नेकपा एमालेका उपाध्यक्ष युवराज ज्ञवालीले चुनाव महँगो भएको भन्दै चुनावी मैदानमा जान नसकेको सार्वजनिक अन्तर्वार्तामै बोले ।

प्रत्यक्षतर्फको चुनाव महँगो हुनाले उनले टिकट नलिने अभिव्यक्ति दिएको बुझ्न सकिन्छ । तर उनी समानुपातिक तर्फको सूचीमा पनि नपर्नुले समानुपातिक मा टिकट पाउन पनि उनको आर्थिक कारण बाधक भएको हुन सक्ने आकलन गर्न सकिन्छ ।

एमालेमा स्वच्छ छवि बनाएका ज्ञवालीले स्पष्ट भनेका थिए, पार्टी सञ्चालन एवं चुनावी खर्च जुटाउन दलहरू पैसावालको दास बन्न उन्मुख छन् ।

यही ढंगले राजनीतिक दलहरू चल्ने हो भने 'दलाल पुँजीपति' वर्गको कब्जामा पुग्न अब धेरै समय लाग्ने छैन ।

उनले भनेका थिए, 'पछिल्लो समय ठेकेदारहरू पार्टीमा हावी हुँदै आएका छन् र जिल्ला जिल्लामा ठेकेदारहरू हावी छन् । ठेकेदारले नेता पालेका छन्। नेताहरू ठेकेदारबाट सञ्चालित छन् ।'

जेनजी आन्दोलनबाट विस्थापित सदनमा १५ देखि १८ प्रतिशत सांसद निर्माण व्यवसायी (ठेकेदार) पृष्ठभूमिका रहेको अनुमान थियो । ठेकेदार वा व्यापारी सांसद नै हुन नहुने होइन, तर उनीहरूबाट स्वार्थको द्वन्द्व र संस्थागत भ्रष्टाचार भएको बारम्बार देखिएको छ। भोगिएको छ ।

### घटना नम्बर ३: पचास करोडको टेलिफोन वार्ता

तीन पटक उपप्रधानमन्त्री सहित ६ पटक मन्त्री भइसकेका माओवादीका तत्कालीन विदेश विभाग प्रमुख तथा पूर्वमन्त्री कृष्णबहादुर महरा र एक जना चिनियाँ नागरिक भनिएका व्यक्तिबीचको टेलिफोन वार्ताको अडिओ सार्वजनिक भयो ।

टेपमा सबभन्दा चासोको विषय प्रत्येक सांसदका लागि एक करोड रूपैयाँका दरले ५० जनाका लागि ५० करोड रूपैयाँ मागिएको प्रसंग थियो। यद्यपि यो आवाज महराकै हो वा होइन भन्नेबारे अनुसन्धान नै भएन ।

आवाज प्रयोगशालाबाट प्रमाणित हुनु प्राविधिक कुरा होला, तर जनताले कसरी बुझेका छन्, त्यो झनै महत्वपूर्ण कुरा हो । भनिन्छ, महराजीको सो संवाद रेकर्ड भयो तर रेकर्ड नभएका यस्ता थुप्रै वार्ता छन् र विभिन्न दिशाबाट निर्वाचनको बेलामा आउने गरेका छन् ।

### घटना नम्बर ४: निर्वाचन ऋण तिर्न पद दिन तयार

२०७६ माघमा भएको नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्य राम कार्कीले निर्वाचन प्रणालीबारे चोटिलो सवाल उठाउँदै निर्वाचनमा लागेको ऋण तिरिदिने कोही मान्छे भेटिए पद नै दिन तयार रहेको बताएका थिए ।

नेता कार्कीको यो भनाइपछि महँगो निर्वाचन प्रक्रिया र भ्रष्टाचारको सम्बन्धबारे केही समय निकै तातो छलफल भए पनि पछि सेलायो। यद्यपि यसले महँगो निर्वाचन प्रक्रिया र भ्रष्टाचारको सम्बन्धबारे केही गम्भीर तरंग उत्पन्न गरेको छ ।

कार्कीजीको अन्तरमनबाट आएको कुराले चुनावपछि उहाँ ऋणले थलिएको हुनुपर्छ ।

पछिल्लो समय चर्चामा आएका नक्कली भुटानी शरणार्थी काण्ड, ललिता निवास जग्गा प्रकरण, वाइडबडी विमान खरिद घोटाला, ओम्नी प्रकरण, सुरक्षा मुद्रण प्रेस खरिद प्रकरण, सहकारी वित्तीय अनियमितता, टेलिकम/एनसेल कर छली प्रकरण, सुन तस्करी प्रकरण र विभिन्न स्थानीय र प्रदेश तहका अनियमितता तथा विकासे योजनामा भ्रष्टाचार जस्ता जघन्य अपराधदेखि लिएर कर फछ्र्यौट आयोगको १० अर्ब बढीको आर्थिक हिनामिनासम्मका ठूला घोटालारले भष्टाचारलाई संरक्षित र संस्थागत बनाइरहेको देखिन्छ ।

यी घटनाले सामान्य कर्मचारी वा तल्लो तहमा मात्र होइन, बरू पूर्व प्रधानमन्त्री, पूर्व उपप्रधानमन्त्री, मन्त्री, सांसद र उच्च पदस्थ कर्मचारीसमेत भ्रष्टाचारको सञ्जालमा संलग्न देखाउँछ। यसबाट राजनीतिक संरक्षणमा ठूलो मात्रामा भ्रस्टाचार फस्टाएको तथ्य देखिन्छ ।

### तथ्य: आँकडाले बोल्ने कथा

अब तथ्य हेरौं ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका ग्रामथानको परिचय

श्याम सुन्दर सुतिहार

**५. ग्रामथान बरियाती (गदिया नदी छेउ)**



धनपालथान गाउँपालिका वडा नं. २ को बरियाती टोलको पश्चिम गदिया नदिको पूर्वपट्टि र सडकको पश्चिममा ग्रामथान बरियाती रहेको छ। करिब एक कट्ठा जग्गामा चारैतिर ईंटाको पर्खाल लगाई पूर्वतिर गुलको गेट रहेको छ। पर्खालभित्र दक्षिण फर्केको ईंटको पर्खाल र टिनको छाना भएको एउटा घर र पूर्व फर्केको दुई कोठाको घर रहेको छ।

पहिले उक्त ग्रामथान अर्कै स्थान थियो। करिबचारवर्ष पहिले यहाँ ल्याई स्थापना गरिएको हो। यसग्रामथानमा प्रत्येक वर्षको बैशाख ४ गते पूजापाठ हुने गरेको ७२ वर्षिय धनसरीदेवी मण्डल (गनगाई)ले बताइन्।

प्रत्येक वर्ष बैशाख ४ गते हुने पूजामा दुई जोडी पाठापाठी, परेवा, हाँसका अण्डा, फलफूल, मिठाई ठठेलको घोडा लगायतका सामग्रीकासाथ पूजा गरिने पुजारी सोगारथ मण्डल (गनगाई) गहिदारले बताए। त्यसबाहेक हरेक पर्व तिहार, छोराछोरीको विवाहमा पनि पूजापाठ हुने गरेको छ। त्यसबाहेक दैनिक पूजापाठ र साँझबत्ती गाउँलेहरुले गर्ने गरेको स्थानीय ५५ वर्षिय नैनादेवी मण्डल (गनगाई)ले बताइन्।

**६. ग्रामथान ठनठनिया**



धनपालथान गाउँपालिका वडा नं. २ को ठनठनिया टोलदेखि भवानीपुर टोलसम्म आउने सडकको उत्तरतिर रहेको छ। दक्षिण फर्केको तीन कोठाका पक्की घर निर्माण भएको छ।

पक्की घर निर्माण हुनुभन्दा पहिले बाँस, कर्ची, पराल लगायतले ग्रामथानको घर रहेको थियो। हालै आएर स्थानीय सरकारको सहयोग र गाउँबासीको सहयोग पाएर पक्की घर निर्माण गरिएको छ।

हरेक वर्ष बैशाखदेखि जेठसम्म वर्षको एक पटक पूजा गर्ने गरेता पनि यसपालि गाउँमा रहेको परालको टालमा पटक-पटक आगलागी भएको कारण गणेश मण्डल (गनागाई) धामीद्वारा माघ महिनामै एक जोडी पाठापाठी, परेवा सात थान लगायत फलफूल, खीर, मिठाई, पान, सुपारी,धूपअगरबती लिएर पूजापाठ गरिसकेको अनिरुद्र मण्डल (गनगाई) ले बताए।पूजापाठ गरेपछि आगलागी हुन रोकिएको मण्डलको भनाइ छ।

बाबुबाजेको पालादेखि पुजापाठ हुँदै आएको र सोही परम्परालाई अहिलेको पुस्ताले निर्वाह गर्दै आएको छ। ग्रामथानले गाउँबस्तीमा बसोबास गर्ने सबैको रक्षा गर्छन र बाली नालीको समेत रक्षा गर्छन् भन्ने जनविश्वास रहेको छ।

**७. राजगढथान अमाही पोखरीको डिलमा**



धनपालथान गाउँपालिका वडा नं. २ को अमाही पोखरीको डिलमा राजगढ थान रहेको छ। प्रत्येक वर्ष बैशाख ७ गते एकसाथ तीन ठाउँमा ग्रामथानको पुजापाठ हुने गरेको छ। करिब राजागढथान देखि एक किलोमिटर पश्चिम उत्तरपट्टि बीच बाँधमा रहेको अमाही ग्रामथान, त्यहाँदेखि उत्तर पोखरीको डिलमा रहेको डिहबारनीमा पुजापाठ गरी मेला लाग्ने गरेको स्थानीय ६७ वर्षिय झडीलाल मण्डलले बताए।

पोखरीको डिलमा रहेको राजगढथानमा बाबु बाजेकै पालादेखि पुजापाठ हुँदै आएको छ। पहिले पहिले त्यहाँ बलि पनि दिइन्थ्यो। अहिले फलफुल, खिर, हलुवा, पुरी, ठठेलको घोडा, छतरी लगायत पूजा सामग्रीका साथ पुजारी जनकलाल मण्डल गच्दारले पूजा गर्दै आएका छन्।

झडीलाल मण्डलले पोखरी सँग सम्बन्धित किंबदन्ती यसरी सुनाए, 'उहिले राजगढ पोखरीमा पाँचवटा सुपारी दिएर भोजभतेर गर्न आवश्यक सामग्री माग गरेमा पोखरीले उपलब्ध गराउँथ्यो। त्यसै क्रममा सामान लिएका एक व्यक्तिले भाँडाकुँडा लिएर फिर्ता गरेनन्। त्यही बेलादेखि पोखरीले समान दिन छोडेको हो। पोखरीभित्र अहिले पनि ईंटाको सिँढी देख्न सकिने स्थानीयको दावी छ।

**८. ग्रामथान धर्मपुर**



धनपालथान गाउँपालिका वडा नं. २ धर्मपुर टोल लक्ष्मीमार्ग सडकको पूर्वपट्टि ग्रामथान धर्मपुर रहेको छ। प्रत्येक वर्ष गाउँटोलबासीको सहयोगमा बैशाख ८ गते भव्य पूजा हुने गरेको स्थानी ७५ वर्षिय मथुरा करदारले बताए।

करदारका अनुसार ग्रामथानमा बाबुबाजेको पालादेखि नै पूजा हँदै आएको छ। करदारले देख्दा सुरुमा बाँस, बत्ती, कर्ची, परालको छाप्रो बनाएर पुजापाठ गर्दै आएका थिए। त्यसपछि सखुवाको खम्बा र टिनको छाना हालेर ग्रामथान बनाइएको हो।

दश वर्ष पहिले गाउँबासीको सहयोगमा ईंटाका पर्खालमाथि ढलाई गरेको एउटा घर र ईंटाको पर्खाल र टिनको छाना हालेर बनाएको एउटा सानो काली मन्दिर बनाई ग्रामथानलाई व्यवस्थित गरेका थियौं। हाल गाउँपालिकाको सहयोगमा ग्रामथान परिसरमा पाखरको रुखमा चौतारा हाली करिबदुई कठ्ठा सरकारी जग्गामा ग्रामथान धरमपुरको कम्पाउण्डवाल लागेको छ।

ग्रामथानमा पहिले पाठापाठी, परेवा, बंगुर, चल्लाको बलि दिने प्रचलन रहेको छ। करिब ३० वर्षयता फलफुल, धुप अगरबत्ती, खिर, पुरी, हलुवा लगायतका सामग्रीसहित पूजापाठ गर्ने गरेको ९० वर्षिय रेशमी गनगाईंले बताइन्।

अहिले मोती मण्डल पुजारी छन् भने यसअघि कोथनु मण्डल, महफू धामी, भजनलाल दास, रङ्गलु मण्डल, कोकनु मण्डल लगायतले पूजापाठ गर्दै आएका थिए।

# साइबर सुरक्षा र लैंगिक हिंसा विषयक अन्तरक्रिया

विराटनगर। लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत नेपाल युवा संरक्षक मञ्चको आयोजनामा विराटनगर स्थित आदर्श बालिका माध्यमिक विद्यालयमा 'साइबर अपराध र लैंगिक हिंसा' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

'प्रविधिको सही प्रयोग गरौं, लैंगिक हिंसा अन्त्य गरौं' भन्ने नारासहित आयोजित कार्यक्रममा मञ्चकी अध्यक्ष निसा श्रेष्ठले बालबालिकालाई लैंगिक हिंसाबाट मुक्त गर्नुपर्ने बताईन। उहाँले डिजिटल माध्यम मार्फत बढ्दो साइबर अपराध, अनलाइन दुर्व्यवहार, बालबालिकाको सुरक्षासँग सम्बन्धित जोखिम तथा समाधानका उपायबारे सहभागी हरूलाई व्यवहारिक जानकारी प्रदान गरिन।

प्रविधिको उपयोग कसरी गर्ने र प्रविधिलाई कसरी सदुपयोग गर्ने भन्ने विषयमा नेपाल घरेलु तथा साना उद्योग महासंघ मोरङ महिला उद्यम समिति निवर्तमान अध्यक्ष सुनिता छाराहाङ आफनो प्रस्तुती राखेकी थिईन। उहाँले डिजिटल माध्यमबाट हुने साईवर अपराधको विषयमा विद्यार्थीहरु लाई सकारात्मक तथा नकारात्मक असरको बारेमा जानकारी गराएकी थिईन।

आदर्श बालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेश नेपालले पछिल्ला वर्षहरूमा डिजिटल पहुँच बढेसँगै साइबर अपराध मार्फत लैंगिक हिंसा बढी देखिन थालेको भन्दै विद्यालय स्तरमै सचेतना अभियान अपरिहार्य भएको उल्लेख गर्दै बालबालिकालाई डिजिटल युगमा प्रविधिको सहि सदुपयोग गर्नुपर्ने उहाँको भनाई थियो।

विद्यार्थीहरुलाई सुरक्षित इन्टरनेट प्रयोगका विधि सिकाउँदै लैंगिक हिंसा आफू-आफैंबाट परिवर्तन सुरू गर्नुपर्छ भन्ने सन्देश दिएको आयोजक को भनाइ थियो।

# लागुऔषध सहित तीन जिल्लाबाट ४ पक्राउ

विराटनगर। झापा, मोरङ र सुनसरीको विभिन्न स्थानहरुबाट मंसिर २२ गते लागू औषध सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

झापाको इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ पैदल आउँदै गरेका दमक-१ का रोशन भुजेललाई १ ग्राम २९ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो। त्यसैगरी मोरङको इलाका प्रहरी कार्यालय पथरीले उर्लाबारी-३ का पंकज पोखरेललाई ६ सय १० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

चेकजाँचकै क्रममा सुनसरी को अस्थायी प्रहरी पोष्ट तिनकुनेले धरान-४ कि प्रमिला राईलाई प्रतिबन्धीत औषधी ट्रामोल १०० क्याप्सुल र स्पास्पेन १०० ट्याब्लेट सहित पक्राउ गरे संगै कारोबारमा संलग्न धरान-८ का ६६ वर्षीय टेक बहादुर तामाङलाई उनकै घर कोठाबाट प्रतिबन्धीत औषधी ट्रामोल-१०२० क्यापसुल, स्पास्पेन-१०१० ट्याब्लेट र नगद १ लाख ४७ हजार ६ सय रुपैया सहित नयन्त्रणमा लिएको थियो।

लागू औषध सहित पक्राउ परेका सबैजनाको थप अनुसन्धान भईरहेको छ।


## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौं।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौं।
- समयमै कर तिरेर, विकासमा योगदान गरौं।
- विकासमा विवाद होईन, योगदान गरौं
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔं।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौं।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौं।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाईं सराई दर्ता लगायतका पञ्जिकरण गरौं।
- सडक बाटोको अतिक्रमण नगरौं।

*वडा अध्यक्ष : जीतेन्द्र कुमार साह*

१८ नं. वडा कार्यालय, विराटनगर महानगरपालिका, मोरंग, कोशी प्रदेश

# नेपाली काँग्रेसलाई गौरवशाली इतिहास जोगाउने अवसर



रमेश कुमार बोहोरा

नेपालको सबभन्दा पुरानो, ठूलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस इतिहासको सबैभन्दा कठिन मोडमा उभिएको छ । मुलुकमा भएका तीन ठूला आन्दोलनको नेतृत्व गरेको यो पार्टी जेनजी आन्दोलनपछि अनिर्णयको बन्दी बनेको छ ।

पार्टीभित्र रुपान्तरण र उथास्थितिवादको द्वन्द्वले यसको राजनीतिक भविष्यमाथि पनि प्रश्न उठिरहेको छ । मुलुकमा लोकतन्त्र स्थापनाका लागि संघर्ष गरेको पार्टी आज आफैं लोकतान्त्रिक अभ्याससंग कताकता तर्सिएको आभाष हुन्छ ।

कांग्रेस यतिबेला संवेदनशील, निर्णायक र दिशानिर्धारण गर्नैपर्ने मोडमा उभिएको छ । यो मोड केवल नेतृत्व परिवर्तनको सतही बहसमा सीमित छैन यो पार्टीको संगठनात्मक अस्तित्व, वैचारिक निरन्तरता, राजनीतिक विश्वसनीयता र आगामी पुस्ताले खोजेको नयाँ शासन-संस्कृति अपनाउने वा नअपनाउने प्रश्नसँग पनि जोडिएको छ ।

बितेका सात दशकको राजनीतिक यात्रामा अनेक आन्दोलन, उपलब्धि, उतार-चढाव र सत्ता व्यवस्थापनका जटिल मोड पार गर्दै आएको कांग्रेस आज आफ्नै संरचनात्मक कमजोरी, नेतृत्व हस्तान्तरणको असमर्थता, गुटगत दबाब र जनविश्वासमा आएको गिरावटका कारण आत्म-पुनरावलोकन गर्न बाध्य भए पनि मूल नेतृत्व यसप्रति अनुदार देखिन्छ ।

ठूलै दवावकाबीचच पुसको अन्तिम साता महाधिवेशन गर्ने निर्णय भए पनि यो हुन्छ नै भन्ने ग्यारेन्टी अझै छैन । भावी नेतृत्वका आकांक्षा राख्नेहरुमध्ये पार्टी सभापति शेरबहादुर देउवाको आशीर्वाद र समर्थन पाउने भाग्यमानी को हो भन्ने अझै यक्किन छैन ।

संस्थापत पक्ष र इतरपक्षबीचको वैचारिक विमतिकाबीच देउवाको उत्तराधिकारी देउवाकै सगोलका, उनकै खल्तीका नेता हुने हुन् वा नयाँ पुस्ता नै आउने हो गम्भरि चासो त छँदैछ यसका अतिरिक्त पार्टीभित्र वैचारिक दिशा, नेतृत्व चयन र संगठन पुनर्संयोजनको गहिरो प्रश्न पनि उठिरहेको छ ।

कांग्रेसले इतिहासमा असंख्य राजनीतिक उपलब्धिहरू हासिल गरेको छ । तर विगतका गौरवमय अध्यायहरूले आजको राजनीतिक वास्तविकता ढाकछोप गर्न सक्दैनन् ।

जनता विशेषत: युवा पुस्ताले कांग्रेसलाई आजको परिस्थितिमा केवल इतिहास बनाउने पार्टी होइन भविष्य निर्माण गर्ने पार्टीको रूपमा हेर्न चाहे पनि त्यसका आधारभूत पूर्वाधारहरू पार्टीभित्र पर्याप्तरूपमा देखिन सकेका छैनन् । यही अन्तरले कांग्रेसलाई पुनर्विचार, पुनर्गठन र पुनर्स्थापना गर्ने आवश्यकतामा ल्याइपुगेको हो ।

नेतृत्व संरचनामा धेरै समयदेखि देखा परेको व्यक्तिवाद, निर्णय प्रक्रियाको केन्द्रिकरण, संगठनमा समान सहभागिताको अभाव र गुटगत प्रतिस्पर्धाबाट बढेको अविश्वास यी सबै समस्याहरूले कांग्रेसलाई थकित, अव्यवस्थित र वैचारिक रूपमा अस्पष्ट पार्टीका र विशेषत: युवा पुस्ताले बारम्बार उठाउँदै आएको प्रश्न "कांग्रेसले किन नयाँ नेतृत्वलाई संस्थागत रूपमा उकास्न सकेन ?" नेपालको राजनीतिक मनोविज्ञानकै एउटा जटिल समस्या हो । पार्टीभित्र नयाँ पुस्तालाई अवसर नदिने मात्र होइन उपलब्ध अवसरहरूलाई पनि गुटगत समीकरणले सीमित गरिदिएको आरोप लामो समयदेखि दोहोरिँदै आएको छ ।

यही कारण कांग्रेसमा 'नेतृत्वको पुनरावर्तन' एक सामान्य परिघटना बन्न पुग्यो जसको प्रभाव निर्वाचन तयारी सरकारी व्यवस्थापन र जनसरोकारका विषयमा पार्टीको विश्वसनीयतामा प्रत्यक्ष पर्यो ।

समकालीन राजनीति युवा पुस्ताको चेतनाले निर्णायक रूपमा प्रभावित भइरहेको छ । सामाजिक संजाल शुरू भएको असन्तुष्टि आज सडक, क्याम्पस, कार्यस्थल र नीतिगत बहससम्म विस्तार भइसकेको छ । नयाँ पुस्ता विशेषत: जेनजी सजग, तथ्यकेन्द्रित, पारदर्शितामा आस्थावान र वैचारिक अस्पष्टता सहन नसक्ने प्रवृत्तिको रूपमा देखिन्छ । उनीहरू दलको ऐतिहासिक विरासत होइन आजको कार्यशैलीका आधारमा समर्थन वा विरोध तय गर्छन् ।

यही कारण कांग्रेसभित्र पनि जेनजीको आह्वानले पार्टीको आन्तरिक संरचनालाई चुनौती दिइरहेको छ । यो पुस्ता पुराना अनुहारहरूको स्वत: पुनरावृत्ति होइन निष्पक्ष प्रतिस्पर्धाबाट उद्ने विषय आधारित राजनीति गर्ने आधुनिक प्रशासनिक र आर्थिक दृष्टिकोण राख्ने नेतृत्व चाहन्छ ।

देउवा नेतृत्वको समग्र मूल्याङ्कन गर्दा उपलब्धि र कमजोरी एकैसाथ देखिन्छन् । उनको राजनीतिक यात्राले शान्ति प्रक्रिया, संविधान निर्माण, राजनीतिक संक्रमणको व्यवस्थापन र कठिन समयमा पार्टी तथा देशलाई सम्हाल्ने क्षमतामा गहिरो छाप बनाएको छ । तर, नेतृत्व संक्रमणको स्पष्टता नल्याएको, संगठनलाई समयअनुसार आधुनिकी करण गर्न ढिलो गरेको र युवा पुस्तालाई निर्णायक तहमा ल्याउन नसकेको आरोप बराबर देखिन्छ । आज महाधिवेशनको संघारमा देउवा नेतृत्व परिवर्तनको चर्चा तीव्र हुनु केवल राजनीतिक बहस मात्र होइन यो पार्टीभित्र दह्रो संरचनात्मक रूपान्तरण चाहिएको संकेत पनि हो ।

कांग्रेसका अन्य पदाधिकारीहरू को भूमिकाले पनि वर्तमान स्थिति निर्माणमा महत्वपूर्ण योगदान गरेको छ । उपसभापति, महामन्त्री, सचिव, कोषाध्यक्ष र केन्द्रीय समितिका सदस्यहरूको गतिविधि मूल्याङ्कन गर्दा स्पष्ट हुन्छ कि पार्टीभित्रको निर्णय प्रक्रिया अत्यधिक केन्द्रीकृत भएको छ । धेरै संरचना औपचारिक रूपमा अस्तित्वमा भए पनि व्यवहारिक भूमिका कमजोर छ ।

भातृ-संगठनहरू– नेविसंघ र तरुण दल आन्तरिक विवाद, नेतृत्वको पुनरावृत्ति र स्पष्ट कार्यदिशा अभावका कारण कमजोर बने यसले पार्टीलाई नयाँ ऊर्जा, नया विचार र निरन्तर राजनीतिक प्रशिक्षित जनशक्ति उत्पादन गर्ने क्षमताबाट वञ्चित गरिदियो । यही कारण कांग्रेसभित्र आएका धेरै नयाँ राजनीतिज्ञ समयमै उदाउन सकेनन् र उदाएका पनि प्राय: गुटगत समीकरणबाट आफ्नो अस्तित्व बचाइराख्न बाध्य भए ।

यद्यपि कांग्रेसभित्र केही नेतृत्व समूहले हालका चुनौतीहरूलाई अवसरमा बदल्न सक्ने संकेत देखिएका छन् । तीमध्ये गगन थापा सबैभन्दा चर्चित नाम हो । उनको स्पष्ट, तथ्य आधारित राजनीतिक शैली, संसदमा प्रस्तुत हुने विश्लेषणात्मक क्षमता, सुशासन र सार्वजनिक जवाफदेहितामा आधारित धारणा र संस्थागत सुधारप्रतिको अडानले उनलाई केवल कांग्रेसभित्रका युवा नेताको रूपमा होइन राष्ट्रिय स्तरमा 'भावी नेतृत्व'का रूपमा चिनाएको छ ।

थापाभित्रको ऊर्जा, सामर्थ्य र नीतिगत समझले जेनजी पुस्तालाई नजिक बनाइदिएको छ र यही कारण धेरैले कांग्रेसको भविष्यको केन्द्र उनी हुनसक्ने ठान्छन् । तर गगन थापाको सम्भावित नेतृत्व मार्ग सजिलो छैन परम्परागत संरचना, गुटगत प्रभाव, नेतृत्व हस्तान्तरणमा हुने जटिलता र पार्टीभित्र अझै कायम रहेको शक्ति सन्तुलनका कारण उनी अगाडि बढ्ने प्रक्रिया चुनौतीपूर्ण बन्नसक्छ । उनले पार्टीभित्र संस्थागत सुधारको अभियानलाई दीर्घकालीन रणनीति बनाउन नसकेसम्म उनको लोकप्रियता मात्र नेतृत्व परिवर्तनका लागि पर्याप्त हुँदैन ।

डा. शेखर कोइरालाको भूमिका पनि कांग्रेसको राजनीतिक संरचनामा अत्यन्त निर्णायक हुने देखिन्छ । उनी सुधारवादी धारका प्रतिनिधि, परिपक्व राजनीतिक उपस्थितिका साथ 'ब्रिज फिगर'को रूपमा उदाएका छन् जो पुराना नेतृत्व र नयाँ पुस्ताबीचको संक्रमण सहज बनाउन सक्षम देखिन्छन् ।

पार्टीभित्र वैचारिक सन्तुलन, संवाद, गुटगत विवाद समाधान र नेतृत्व परिवर्तनमा परिपक्व भूमिका खेल्न सक्ने व्यक्तित्वका रूपमा शेखर कोईराला कांग्रेसका संक्रमणकालीन समयका 'स्थिर केन्द्र' हुनसक्छन् । उनले पार्टीका दुवै धार अनुभवी नेतृत्व र आधुनिक सोच बोकेका युवा पुस्तालाई एकताबद्ध राख्न सके पार्टीले आगामी राजनीतिक चुनौती व्यवस्थित रूपमा सामना गर्नसक्छ ।

कांग्रेसले अबका दिनहरूमा कुन बाटो लिन्छ भन्ने प्रश्न केवल संगठनात्मक निर्णय होइन देशको व्यापक राजनीतिक दिशासँग पनि जोडिएको छ । वर्तमान अवस्थामा कांग्रेसले पाँचवटा आधारभूत मोडेल अपनाउन सके मात्र पार्टी पुनर्जीवनको सुनिश्चित मार्गमा अघि बढ्नसक्छ ।

पहिलो नेतृत्व हस्तान्तरणको स्पष्ट रोडम्याप अनुभवी नेतृत्वको प्रत्यक्ष अनुभव र नयाँ पुस्ताको क्षमताबीच सन्तुलन स्थापित गर्दै निष्पक्ष आन्तरिक लोकतन्त्रलाई बलियो बनाउने संरचनागत परिवर्तन । दोस्रो, संगठनको डिजिटल आधुनिकीकरण सदस्यता, रिपोर्टिङ, निर्णय प्रक्रियादेखि नीति विश्लेषणसम्म आधुनिक व्यवस्थापन प्रणाली अवलम्बन, तेस्रो गुटबन्दी नियन्त्रण नियमित आचारसंहिता, स्वचालित निगरानी र वैचारिक समूहलाई संस्थागत सीमाभित्र राख्ने प्रणाली विकास, चौथो, नीतिगत स्पष्टता कांग्रेस आज कसका लागि राजनीति गर्छ भन्ने प्रश्नमा स्पष्ट वैचारिक र कार्यनीतिक दृष्टि आवश्यक छ किनकि पार्टीले इतिहासमा लोकतन्त्रका लागि लडे पनि समकालीन शासन शैलीमा उसको वैचारिक पहिचान स्पष्ट हुन बाँकी छ । पाँचौं, जेनजी पुस्तालाई केवल 'टोकन' होइन वास्तविक नेतृत्वको ढोका खोल्ने संरचनागत सुधार भातृ संगठन पुनर्गठन ३० वर्षमुनिका युवालाई निर्णय तहमा प्रवेश र पार्टीका मुख्य अभियानहरूको प्रत्यक्ष नेतृत्वका लागि सहज मार्ग निर्धारण भए मात्र कांग्रेसको गौरवशाली विगत पुन: स्थापित हुनसक्छ ।

नेपाली कांग्रेस अहिले "तीन पुस्ताको अदला बदली"को अत्यन्त संवेदनशील मोडमा छ । देउवा पुस्ताले संघर्ष र स्थिरताको विरासत बोकेको छ । शेखर कोईरालाको पुस्ताले संवाद, सुधार र सन्तुलन प्रस्तुत गर्छ । गगन थापासहितको नयाँ पुस्ताले आधुनिक राजनीतिक चेतना र भविष्यको नेतृत्वको आकांक्षा बोकेको छ । यी तीन तहबीच सहकार्य, सम्मान र रणनीतिक साझेदारी कायम गर्न सके कांग्रेस पुन: राष्ट्रिय राजनीतिक केन्द्र बन्नसक्छ । तर गल्ती दोहोरिने हो भने गुटबन्दी, अनुहार परिवर्तनको खेल र कार्य दिशाको अस्पष्टता दोहोरिने हो भने कांग्रेसबाट युवा पुस्ताको दूरी झनै बढ्दै जानेछ ।

यसैले कांग्रेसका लागि आजको मुख्य आवश्यकता एकै वाक्यमा सीमित गर्नुपरे भने गल्ती स्वीकार गर्ने साहस, सुधारको दृढता र भविष्यको नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्ने राजनीतिक चरित्र हो । नेतृत्व परिवर्तनको अहिलेको बहस केवल राजनीतिक समाचार होइन यो पार्टीको भविष्यको अस्तित्व र पुनर्जीवनको आधार स्तम्भ बन्नसक्ने ऐतिहासिक क्षण हो ।

(लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# चमत्कारी पौंधा पत्थरचट्टा

पत्थरचट्टा, जिसे चमत्कारी पौधा भी कहा जाता है । यह पौधा सदियों से आयुर्वेद में अपनी जगह बनाये हुए हैं, यह न केवल अपनी हरी-भरी पत्तियों से घर को सजाता हैं बल्कि सेहत से जुड़ी कई समस्याओं का समाधान भी देता हैं ।

पत्थरचट्टा का इस्तेमाल कई तरह की बीमारियों में किया जाता हैं ।

१. गुर्दे की पथरी को खत्म करता हैं :-

पत्थरचट्टा गुर्दे की पथरी को घोलने में मदद कर सकता हैं, खासकर कैल्शियम ऑक्सालेट से बनी पथरी को। इसमें सैपोनिन होते हैं, जो शरीर से पथरी को बाहर निकालने में मदद करते हैं ।

२. पाचन तंत्र को मजबूत करता हैं :-

पत्थरचट्टा के पौधे में विटामिन और खनिज होते हैं, जो पाचन तंत्र को मजबूत करते हैं। पत्थरचट्टा एसिडिटी और सीने में जलन जैसी पाचन समस्याओं में भी मदद करता हैं ।




३. प्रतिरक्षा प्रणाली को मजबूत करता हैं :-

पत्थरचट्टा के पौधे में एंटीऑक्सीडेंट होते हैं जो बीमारियों से लड़ने में मदद करते हैं और प्रतिरक्षा प्रणाली को स्वस्थ बनाते हैं ।

४. त्वचा और बालों के लिए फायदेमंद :-

पत्थरचट्टा के पौधे में विटामिन और खनिज होते हैं जो त्वचा को स्वस्थ और चमकदार बनाने में मदद करते है और बालों को भी मजबूत और स्वस्थ बनाते हैं ।

५. मधुमेह को नियंत्रित करता हैं:-

पत्थरचट्टा के पौधे में मधुमेह रोधी गुण होते हैं जो मधुमेह को नियंत्रित करने में मदद करते हैं । यह पौधा रक्त शर्करा के स्तर को नियंत्रित करने और मधुमेह के लक्षणों को कम करने में मदद करता हैं ।

६. लीवर को स्वस्थ बनाता हैं:-

पत्थरचट्टा लीवर को साफ और उसके कार्य को बेहतर बनाने में मदद करता हैं ।

७. घाव भरने मेंमदद करता हैं:-

पत्थरचट्टा के पत्तों का लेप घाव और चोटों पर लगाने से जल्दी ठीक होते हैं ।

८. वजन प्रबंधन में सहायता करता हैं :-

पत्थरचट्टा के रस में कैलोरी कम होती हैं और यह वजन घटाने या उसे बनाये रखने में मदद करता हैं ।

९. श्वसन संबंधित समस्याओं के लिए :-

पत्थरचट्टा खांसी और अस्थमा जैसी श्वसन संबधित समस्याओं में मदद कर सकता हैं ।

१०. मौखिक स्वास्थ्य में सुधार करता हैं :-

पत्थरचट्टा दांत दर्द और मसूड़ों की सूजन और उपचार में मदद कर सकता हैं ।

पत्थरचट्टा का सेवन कैसे करें:-

आप पत्थरचट्टा के पत्तों को उबालकर काढ़ा बनाकर पी सकते हैं। यदि आपको इसका स्वाद अच्छा नहीं लगता हैं तो आप काढ़े में थोड़ा सा शहद मिलाकर पी सकते हैं । इसका जूस या लेप बनाकर भी उपयोग कर सकते हैं हालांकि, यह ध्यान रखना महत्वपूर्ण हैं कि पत्थरचट्टा के पौधे का उपयोग करने से पहले किसी योग्य आयुर्वेदिक चिकित्सक से सलाह जरूर लें ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## नेपाली...

मैले तथ्य हेर्न तीन प्रमाणको विश्लेषण गर्ने प्रयास गरेको छु ।

प्रमाण १: अनुसन्धान आयोगमा दर्ता उजुरी

आर्थिक वर्ष २०७६/७७ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दर्ता भएका २५ हजार १५२ वटा उजुरीको तुलनामा आर्थिक वर्ष २०८१/८२ मा बढेर ३७ हजार २६ पुग्यो। यो तथ्यांकले पाँच वर्ष अवधिमा उजुरी संख्या करिब ४७.१७ प्रतिशत वृद्धि भएको देखाउँछ । यद्यपि, उजुरी संख्यामा आएको यो तीव्र वृद्धिले नेपालमा भ्रष्टाचारको समग्र दर पनि बढेको हो भन्ने निश्चित निष्कर्षमा सधैं पुग्न सकिँदैन ।

उजुरी बढ्नुको एउटा कारण नागरिकमा भ्रष्टाचारविरूद्ध आवाज उठाउने चेतना बढेको, भौगोलिक तथा प्रशासनिक रूपमा अख्तियारको पहुँच तथा कार्यक्षमता विस्तार भएको वा नागरिकले अनुसन्धान आयोगलाई बढी विश्वास गर्न थालेको पनि हुन सक्छ ।

तर सार्वजनिक सेवा प्रवाहमा देखिएको अनियमितता र महँगो निर्वाचन प्रणालीका कारण नेताहरूको जबाफदेहिता घट्दै गएको जनगुनासोले यो उजुरी वृद्धि केवल चेतनाको कारणले मात्र नभई, देशमा भ्रष्टाचारको दायरा र मात्रा दुवै विस्तार भएको यथार्थ प्रस्ट औंल्याउँछ ।

त्यसैले भनिन्छ, नेपालमा भ्रष्टाचार पनि विकेन्द्रीकरण भएको छ ।

प्रमाण २: भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालको खस्किँदो अवस्था

ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन अनुसार नेपालमा भ्रष्टाचार नियन्त्रणमा खासै सुधार हुन सकेको छैन, बरू सार्वजनिक क्षेत्रमा भ्रष्टाचारको अनुभव वा 'परसेप्सन' यथावत वा थोरै खस्किएको देखिएको छ ।

सन् २०१९ को भ्रष्टाचार अवधारणा सूचकांकमा नेपालले १०० मा ३४ अंक प्राप्त गरेको थियो। विश्वमा ११३औं स्थानमा थियो । यसको तुलनामा, सन् २०२४ को प्रतिवेदनमा नेपालको अंक १ ले घटेर ३३ मा झरेको छ र ११७ औं स्थानमा पुगेको छ ।

यसरी पाँच वर्षमा नेपालको अंक ३४ बाट ३३ मा झर्नुले अन्तर्राष्ट्रिय समुदाय र विभिन्न सर्वेक्षण गर्ने संस्थाहरूले नेपालको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारको अवस्थामा सुधार नभई बढेको देखाउँछ ।

यो तथ्यांकले भ्रष्टाचारविरूद्ध सशक्त कानुनी कारबाही, स्वार्थको द्वन्द्व व्यवस्थापन, र ठूला भ्रष्टाचार काण्डहरूमा राजनीतिक नेतृत्वको इच्छा शक्तिको अभावका कारण नेपाल अपेक्षित रूपमा राम्रो गर्न असफल रहेको स्पष्ट संकेत गर्छ ।

प्रमाण ३: महालेखा परीक्षकको प्रतिवेदन–सुशासनको कालो धब्बा

महालेखा परीक्षकको कार्यालयको ६२ औं वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ सम्म कारबाही गरी टुंगो लगाउनुपर्ने कुल बेरूजु ७३३.१९ अर्ब रूपैयाँ पुगेको छ ।

एक वर्षमा मात्र अद्यावधिक बेरूजु ९.४५ प्रतिशतले बढेको छ ।

२०७९/८० सम्म ६७० अर्ब रूपैयाँभन्दा बढी रहेकामा २०८०/८१ सम्म ७३३.१९ अर्ब रूपैयाँ पुगेको हो ।

यसले सार्वजनिक खर्चमा अनियमितता र जबाफदेहिताको अभाव उजागर गर्छ। यसरी नेपालको बेरूजु सुशासनको ठूलो कालो धब्बा हो ।

कथ्य: जनधारणाको डरलाग्दो चित्र

सुशासनको मूल्यांकन तथ्यहरूभन्दा पनि जनताको धारणामा आधारित हुनुपर्छ । त्यसैले यसलाई व्यावहारिक रूपमा यसको आधारभूत जग, आयाम र यसले समेट्ने विभिन्न तत्वका आधारमा व्याख्या गर्नु उपयुक्त हुन्छ ।

जनधारणा १: भ्रष्टाचार बढेको जनविश्वास

ट्रान्सपरेन्सी इन्टरनेसनलको ग्लोबल करप्सन ब्यारोमिटर एसिया प्रतिवेदन-२०२० अनुसार सर्वेक्षणमा सहभागी ५८ प्रतिशत नेपालीले सन् २०१९ को तुलनामा देशमा भ्रष्टाचार बढेको विश्वास व्यक्त गरेका थिए ।

लाजमर्दो कुरा त यो तथ्यांक एसियाका १७ देश र क्षेत्रमध्ये सर्वाधिक थियो। यसले नेपालमा भ्रष्टाचार बढेको भन्ने जनमानसमा रहेको बलियो धारणा संकेत गर्छ ।

जनधारणा २: सबैभन्दा भ्रष्ट संस्थामा शीर्ष राजनीतिक नेतृत्वको धारणा

चाखलाग्दो कुरा, उक्त सर्वेक्षणमा नेपाली नागरिकले राष्ट्रपति वा प्रधानमन्त्रीको संस्थालाई सबभन्दा भ्रष्ट संस्था मानेका थिए । ५० प्रतिशत सहभागीले यी संस्थामा धेरै वा सबै व्यक्ति भ्रष्ट रहेको धारणा राखेका थिए। उनीहरूको संकेत कार्यकारीमा रहेका नेताहरू र उच्च पदस्थ कर्मचारीतर्फ थियो । त्यसपछि संसदका सदस्यलाई ४३ प्रतिशतले भ्रष्ट मानेका थिए ।

यो अवस्थामा नेपाली जनताले आश्चर्य मान्दैनन् ।

राजनीतिक नेतृत्व र निर्णय गर्ने शीर्ष निकायमा नै भ्रष्टाचारबारे उच्च जनधारणा हुनुले देशको समग्र सुशासन र जबाफदेहितामाथि गम्भीर प्रश्न खडा गर्छ ।

जनधारणा ३: अख्तियारकै सर्वेक्षणले देखाएको डरलाग्दो कथा

अख्तियारले प्रत्येक पाँच वर्षमा गर्ने नेपालको भ्रष्टाचार र सुशासनको अवस्था सम्बन्धी अध्ययन २०७५ सालपछि भएको छैन । २०७५ को सर्वेक्षणमा १,६६८ उत्तरदातामध्ये ५५२ जना अर्थात् ३३ प्रतिशतले काम सम्पन्न गर्न अतिरिक्त दस्तुर अर्थात् घुस बुझाएको बताएका थिए । सो तथ्यले नेपालमा भ्रष्टाचारको स्थिति कति डरलाग्दो छ भन्ने आकलन गर्न सकिन्छ ।

त्यस्तै यसले सार्वजनिक सेवा लिने करिब ३३ प्रतिशत नागरिकले आफ्नो वैधानिक काम गराउन गैरकानुनी भुक्तानी गर्न बाध्य भएको प्रत्यक्ष अनुभव देखिएको छ । यसले भ्रष्टाचार केवल उच्च पदस्थ व्यक्तिको अनियमितता मात्र नभई संस्थागत बेथितिका रूपमा सामान्य जीवनमा समेत जकडिएको प्रमाणित गर्छ ।

हरेक तेस्रो सेवाग्राहीले घुस तिर्नुपर्ने अवस्थाले सार्वजनिक सेवामाथिको विश्वास गुमेको र सुशासन स्थापना गर्ने निकायहरूको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्छ ।

यी तीनटै उदाहरणले नेपालमा भ्रष्टाचार उजुरीको संख्यामा मात्र नभई जनधारणा र प्रत्यक्ष अनुभवमा समेत बढ्दै गएको देखाउँछन् ।

यस्तो स्थिति कम गर्न के गर्ने ?

भ्रष्टाचारलाई दिगो रूपमा रोक्न एकल प्रयास कहिल्यै पर्याप्त हुँदैन। यसका लागि जनता, सरकार, नागरिक समाज, निर्वाचन आयोग र मिडियाबाट सामूहिक प्रयास आवश्यक छ । जनताले मतदान गर्दा उम्मेदवारको भ्रष्टाचारको विगत जाँच्नु, स्थानीय तहमा पारदर्शी योजनाको निगरानी गर्नु र सामाजिक सञ्जालमार्फत जबाफदेहिता माग्नुपर्छ ।

सरकारले भ्रष्टाचारविरूद्ध कडा कानुन कार्यान्वयन गर्नु, कानुन कार्यान्वयनमा सबैलाई समान व्यवहार गर्नु, राजनीतिक दललाई चुनावी खर्च पारदर्शी बनाउन बाध्य बनाउनु र बेरूजु फछ्र्यौट संयन्त्र सुदृढ गर्नुपर्छ ।

नागरिक समाजले जागरण अभियान चलाउनु, युवालाई नेतृत्व दिनु र सरकार तथा दलमाथि खबरदारी गर्नु उसको दायित्व हो ।

निर्वाचन आयोगले खर्च सीमा तोकेको भए पनि कडाइका साथ लागू गर्न सकेको छैन। कतिपय बेला आँखा चिम्लिएएर सामान्य स्पष्टीकरणमै उन्मुक्ति दिइन्छ ।

अब उम्मेदवारको सम्पत्ति विवरण सार्वजनिक भएपछि मात्र उम्मेदवारी स्वीकार्ने व्यवस्था अनिवार्य हुनुपर्छ ।

मिडियाले भ्रष्टाचार काण्ड बाहिर ल्याएपछि मात्र सरकारी निकाय सक्रिय हुने अवस्था देखिन्छ। अनि मिडियाको भूमिका फेक न्यूज रोक्नु र जनचेतना फैलाउनु हो ।

नेपालको भ्रष्टाचारले खस्किएको अन्तर्राष्ट्रिय छवि

ट्रान्सपरेन्सी इन्टरनेसनलको २०२४ भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल १०७ औं स्थानमा झरेको छ। यसले अन्तर्राष्ट्रिय समुदायमा नेपाललाई भ्रष्ट देशको रूपमा चित्रण गरेको छ। यसले विदेशी लगानी घटाएको छ र पर्यटन क्षेत्रमा प्रत्यक्ष असर परेको छ ।

भ्रष्ट राष्ट्रमा अन्तर्राष्ट्रिय सहायता पनि घट्छ। रेमिटेन्समा निर्भर अर्थतन्त्रमा भ्रष्टाचार विकासको बाधक बनेको छ ।

भदौमा सामाजिक सञ्जाल सूचीकरण विवादपछि एक्स (ट्) ले नेपाललाई भ्रष्ट मुलुकमध्ये शीर्ष स्थानमा राख्दै त्यहाँ दर्ता नगर्ने नीति स्पष्ट पारेको घटनाले नेपालको अन्तर्राष्ट्रिय छवि थप खस्किएको छ ।

युएनको अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी महासन्धि नेपालले २०११ मार्च २९ मा अनुमोदन गरिसकेको छ । यसलाई कडाइ साथ लागू गर्न सम्पत्ति शुद्धीकरण, विदेशी घुस, अन्तर्राष्ट्रिय सहयोग र सम्पत्ति फिर्ताका विषयमा कानुनी सुधार आवश्यक छ ।

अख्तियारलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनुपर्छ ।

फागुन २१ को निर्वाचन र स्वच्छ उम्मेदवार

फागुन २१ को निर्वाचनमा स्वच्छ उम्मेदवार विजयी भए अन्तर्राष्ट्रिय विश्वास फर्किन सक्छ, नत्र हामी सधैं भ्रस्ट देशकै सूचीमा रहनेछौं ।

मतदाताले उम्मेदवारको विगत जाँच गर्नु, युवाले विवेक प्रयोग गर्नु, सामाजिक सञ्जाल र नागरिक समाजबाट स्वच्छ उम्मेदवार अभियान चलाउनु आवश्यक छ ।

अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी दिवस केवल औपचारिकता नभई कार्यान्वयनको अवसर बन्नुपर्छ। यदि जनता, सरकार, नागरिक समाज, आयोग र मिडियाले सक्रिय भूमिका निर्वाह गरेनन् भने यो दिवस केवल मनाउने दिनमा सीमित हुनेछ ।

जेन्जी आन्दोलनको बलिदान व्यर्थ नजाओस्। युवाहरू, तपाईंहरूको मतले भोलिको इमानदार नेपाल निर्माण हुन

(लेखक रमेश अधिकारीले तीन दशक सुशासन तथा निर्वाचन प्रक्रियामा नेपालसहित श्रीलंका र अफगानिस्तानमा काम गरेका छन् । उनका अन्य लेख पढ्न यहाँ क्लिक गर्नुहोस् ।) सेतोपाटीबाट सभार


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


## गोली प्रहार गरी हत्या गर्ने सात जना पक्राउ

सुनसरी । सुनसरीको रामधुनी नगरपालिका-२ का सिटी रिक्सा चालक ४५ बर्षीय दिनेश कुमार चौधरीलाई असोज २५ गते रामधुनी नगरपालिका-२ कर्मनिया टोल स्थित भित्री सडकमा अपरिचित व्यक्तिहरुले गोली प्रहार गरी हत्या गरेको घटनाको अनुसन्धानको क्रममा संलग्न रहेका ७ जनाको समुहलाई जिल्ला प्रहरी कार्यालय सुनसरीले पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा रामधुनी नगरपालिका १ का ४३ बर्षीय राजेश भन्ने राजकिशोर साह, ४० बर्षीय नन्द किशोर साह, भोक्राहा नरसिंह गाउँपालिका ५ का ३४ बर्षीय मोहमद इब्रान मिया, देवानगन्ज गाउँपालिका ४ का ३७ बर्षीय गियास मन्सुरी, देवानगन्ज ५ का २५ बर्षीय मिथलेश यादव, सप्तरी राजविराज नगरपालिका १६ का २८ बर्षीय अंकित साह र राजबिराज ९ का २८ बर्षीय प्रिन्स कुमार दास रहेका छन ।

गोली प्रहार गरी हत्या गरेको घटनाको अनुसन्धानको क्रममा मृतक दिनेश कुमार चौधरीले तन्त्रमन्त्र गरी लामो समय देखि परिवारका सदस्यहरुलाई बिरामी बनाई दु:ख हैरानी दिएको कारण राजकिशोर साह र नन्द किशोर साह समेतले योजना वनाई मोहमद इब्रान मिया लगायतका व्यक्तिहरुसंग रकम लेनदेन गरी दिनेश कुमार चौधरीलाई गोली प्रहार गरी हत्या गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ । घटनामा संलग्न रहेका उनिहरुको मंसिर १७ गते सम्मानित सुनसरी जिल्ला अदालतबाट कर्तव्य ज्यान कसुरमा म्याद थप गरी आवश्यक कानूनी कारवाही तथा थप अनुसन्धान भईरहेको छ ।

## लागुऔषध सहित ९ पक्राउ

विराटनगर । झापा, मोरङ र सुनसरी जिल्लाको बिभिन्न स्थानहरुबाट लागू औषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंसिर २१ गते जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भद्रपुर नगरपालिका-९ का सायर घिमिरे, सुशिल घिमिरे र पुर्णीमा पराजुलीलाई ८४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो । त्यसै गरी इलाका प्रहरी कार्यालय दमकले दमक-५ का निरज मुखियालाई १ ग्राम ४० मिलिग्राम ब्राउन सुगर, प्रतिबन्धित लागूऔषध ट्रामाडोल २७ क्याप्सुल र डाईक्लोमाइन २६ ट्याबलेट सहित उनकै घरबाट पक्राउ गरेको थियो ।

चेकजाँचकै क्रममा मोरङको इलाका प्रहरी कार्यालय पथरीले पथरीशनिश्चरे- १ का देव लिम्बुलाई १६० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय रानी (सिमा)ले धरान-१३ का गंगाराज राईलाई लागू औषध २३ एम्पुल सहित नियन्त्रणमा लिएको थियो ।

सोही दिन सुनसरीको बराहक्षेत्र नगरपालिका-११ बाट प्रहरी चौकी मधुवनले १९ किलोग्राम गाँजा सहित कोशी गाउँपालिका-६ का रामनाथ यादव र भारत बिहारका भुषण कुमार यादवलाई प्रदेश १-०५-००१ प ३४९४ नम्बरको मोटरसाईकल सहित नियन्त्रणम लिएको थियो ।

इलाका प्रहरी कार्यालय इटहरीले इटहरी-४ बाट धनकुटा साँगुरिगढी गाउँपालिका- १० का बिरेन्द्र राईलाई ५ किलोग्राम गाँजा सहित पक्राउ गरेको थियो । पक्राउ परेको सवै उपर सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भईरहेको छ ।





**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय विराटनगर, कोशी प्रदेश**